केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/८/०६५/६६ मिति : २०६५/०५/१६

**इजाजतपत्र प्राप्त सम्पूर्ण बाणिज्य बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

SWIFT (Society for Worldwide Interbank Financial Telecommunication) प्रबिधि जडान गरेका बैंक तथा वित्तीय संस्थाहरुले SWIFT Message को माध्यमबाट यस बैंकको बैंकिंग कार्यालय, थापाथलीमा रहेको खाता खर्च गरी देहाय बमोजिम रकमान्तर गर्न सक्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

क. यस्तो कारोवारका लागि आइतबारदेखि विहीबारसम्म अपरान्ह १:०० वजेसम्म रकमान्तरको लागि अनुरोध भई आएमा सोही दिन रकमान्तर गरिने।

ख. अपरान्ह १:०० वजे पछि रकमान्तरको लागि अनुरोध भै आएको अवस्थामा सो दिन पछिको अर्को कार्यदिनमा रकमान्तर गरिने।

ग. शुक्रबार दिनको ११:०० वजेसम्म रकमान्तरको लागि अनुरोध भै आएमा सोही दिन रकमान्तर गरिने।

घ. शुक्रबार दिनको ११:०० वजे पछि रकमान्तरको लागि अनुरोध भै आएको अवस्थामा सो दिन पछिको अर्को कार्यदिनमा रकमान्तर गरिने।

भवदीय,

(रामहरि न्यौपाने)
उप-निर्देशक

**बोधार्थ :**

१. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
२. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
३. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
४. नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
५. नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु।
६. नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं।
८. नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।